# स्थानीय राजपत्र


चामुण्डाविन्द्रासैनी नगरपालिकाद्धारा प्रकाशित

खण्ड ८ (संख्या ७) चैत्र १९ गते २०८२ साल


स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम चामुण्डा विन्द्रासैनी नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## भाग-२

## आर्थिक सहायता तथा राहत वितरण सम्बन्धी कार्यविधि, (दोश्रो संशोधन) २०८२

कार्यपालिकावाट स्वीकृत मिति
:२०८२/१२/०८

**प्रस्तावना :**

चामुण्डा विन्द्रासैनी नगरपालिका नगरकार्यपालिकाकाको बैठकवाट पारित आर्थिक सहायता तथा राहत वितरण सम्बन्धी कार्यविधि, (पहिलो संशोधन) २०७८ (यस पछि मुल कार्यविधि भनिएको) मा आवश्यक संशोधन गर्न बाञ्छनीय भएकोले,

चामुण्डाविन्द्रासैनी नगरपालिका नगरकार्यपालिकाको मिति २०८२ साल चैत्र ८ गतेको बैठकले आर्थिक सहायता तथा राहत वितरण सम्बन्धी कार्यविधि, (दोश्रो संशोधन) २०८२ बनाएको छ।

१. **संक्षिप्त नाम, प्रारम्भ र क्षेत्र :** (१) यस कार्यविधिको नाम आर्थिक सहायता तथा राहत वितरण सम्बन्धी कार्यविधि, (दोश्रो संशोधन) २०८२ रहेको छ।

(२) यो संशोधित कार्यविधि कार्यपालिकाको बैठकवाट पारित भई राजपत्रमा सुचना प्रकाशन भई सकेपछि लागु हुनेछ।

२.**मुल कार्यविधिको परिच्छेद २ को दफा ३ को उपदफा (३) पछि देहाय उपदफा (४) थप गरिएको छ ।**

"(४) आर्थिक सहायताका लागि नगरपालिकामा निवेदन दिंदा देहाय बमोजिम विवरण संलग्न गर्नु पर्नेछ :-

(क) सम्बन्धित वडा कार्यालयबाट वडा समितिको वडा समिति बैठकको निर्णय सहितको सिफारिस पत्र,

(ख) निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि, बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) चामुण्डाबिन्द्रासैनी नगरपालिकाको स्थायी बसोवास खुलेको कागजात,

(घ) गम्भिर रोग/जटिल प्रकृतिका दिर्घरोगी, चोटपटक लागेका विरामी भएका व्यक्तिको हकमा स्वीकृत चिकित्सकको सिफारिस।"





३. **मुल कार्यविधिको दफा ५ को खण्ड (क) देखि खण्ड (छ) मा यस अघि भएको व्यवस्था हटाइ देहाय बमोजिम संशोधन गरिएको छ ।**

(क) क्यान्सर, मेरुदण्ड पक्षघात, अङ्ग प्रत्यारोपण समेतका निकै जटिल प्रकृतिका दीर्घरोगी र जङ्गली जनावरको आक्रमणबाट अङ्ग भङ्ग भई गम्भिर घाइते भएका तथा मृत्यू भएका परिवारहरुलाई समेत बढीमा पचास हजार रुपैयाँ सम्म ।

(ख) गम्भीर प्रकृतिको रोग वा घातक रोग, मुटु तथा मृगौला सम्बन्धी रोग, दुर्घटना तथा चोटपटकबाट गम्भीर रुपमा घाइते भएका, गम्भीर शारीरिक वा मानसिक समस्या वा गम्भीर अपाङ्गता भएकै कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवनयापन कठिनाइ भएका व्यक्तिको उपचार सहयोग र निरन्तर रुपमा औषधि सेवन गरिरहनु पर्ने लगायतका खर्च जुटाउन नसकेका परिवार सदस्यहरुलाई बढीमा एक लाख रुपैयाँ सम्म।

(ग) अनाथ/असहाय/अशक्त बालबालिका वा बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक समस्या भएका, अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिकाको पालनपोषण, हेरचाह, शिक्षादिक्षा तथा संरक्षण सहयोगका लागि पन्ध्र हजार रुपैयाँ सम्म।

(घ) जोखिममा परेका प्राकृतिक वा मानवीय कारणले सिर्जित आपतकालिन संरक्षणका लागि दश हजार रुपैयाँ सम्म ।

(ङ) आर्थिक विपन्नताकै कारण सानोतिनो पेशा व्यवसासय सञ्चालन गर्न नसकी आफूसँग आश्रित परिवार पाल्न दैनिक कठिनाई भोगिरहेका साहारा विहिन व्यक्तिका लागि पन्ध्र हजार रुपैयाँ सम्म ।

(च) विपन्न परिवारका बालबालिकाका लागि लत्ता, कपडा, विद्यालय पोशाक, झोला तथा शैक्षिक सामाग्री वा सामान्य उपचार सहयोगका लागि दश हजार रुपैयाँ सम्म।

४. **मुल कार्यविधिको दफा ७ मा यस अघि भएको व्यवस्था हटाइ देहाय बमोजिम संशोधन गरिएको छ ।**

"७. आर्थिक सहायता समिति : आर्थिक सहायता वितरणका लागि नगरपालिकामा देहाय बमोजिम एक आर्थिक सहायता समिति गठन हुनेछ :-

| | |
|---|---|
| (क) नगर प्रमुख | -संयोजक |
| (ख) नगर उप-प्रमुख | -सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (घ) सामाजिक विकास समिति संयोजक | -सदस्य |
| (ङ) स्वास्थ्य तथा सामाजिक महाशाखा प्रमुख | -सदस्य |
| (च) आर्थिक प्रशासन महाशाखा प्रमुख | -सदस्य |
| (छ) जनस्वास्थ्य प्रवर्द्धन शाखा प्रमुख | -सदस्य सचिव |

५. **मुल कार्यविधिको अनुसूची १ मा यस अघि भएका व्यवस्था हटाइ देहाय बमोजिम संशोधन गरिएको छ ।**

"

मिति :

श्री नगर प्रमुखज्यू
चामुण्डाबिन्द्रासैनी नगरपालिका
जम्बुकाँध, दैलेख ।

विषय : आर्थिक सहायता सहयोग उपलब्ध गरीपाउँ ।

महोदय,

कर्णाली प्रदेश दैलेख जिल्ला चामुण्डाबिन्द्रासैनी नगरपालिका वडा नं. .... स्थायी बसोवास गर्ने

खण्ड ८ (संख्या ७) चैत्र १९ गते २०८२ साल

श्री ................ को नाति/नातिनी, श्री .................... को छोरा/छोरी श्री ........................ को श्रीमान/श्रीमति श्री ................ अनाथ/असहाय/अशक्त/विपन्न परिवारको भएकोले आवश्यक कागजात सहित संलग्न राखी रोगको उपचार भइ रहेको/भएको/गर्नुपर्ने भएकाले पालनपोषण, हेरचाह, शिक्षादिक्षा उपचार, संरक्षण तथा जीविकोपार्जनको लागि नियमानुसारको आर्थिक राहत सहयोग उपलब्ध गराइदिनु हुन अनुरोध छ। चालु आर्थिक वर्षमा माथि उल्लेखित कार्य प्रयोजनका लागि कुनै निकाय वा संस्थाबाट सहयोग प्राप्त गरेको छैन वा निकाय/संस्था/व्यक्तिबाट रु. ........ अपुग हुन गंको व्यहोरा अनुरोध गर्दछु।

संलग्न कागजातहरु

१. सम्बन्धित वडा समितिको बैठकको निर्णय सहितको सिफारिस पत्र।
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि (बालबालिकाको हकमा)
३. नाता प्रमाणितको सिफारिस पत्र
४. गम्भीर रोग/जटिल प्रकृतिका दीर्घरोगी, चोटपटक लालेका विरामी भएका व्यक्तिको हकमा स्वीकृत प्राप्त चिकित्सकको सिफारिस सहितका कागजातहरुको फोटोकपि।
५. प्रतिवद्धता पत्र।

निवेदक
नाम :
दस्तखत :
ठेगाना :
सम्पर्क नं.

**आज्ञाले**
**भलाराम पंगाली**
**प्रमुख प्रशासकीय अधिकृत**